# संघीय संसद
## प्रतिनिधि सभा
चौथो अधिवेशन
### बैठक संख्या - ६३, ६४ र ६५
### सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल असोज २ गते बिहीबार

---

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सभामा उत्पत्ति भएका “सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५” र “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५” का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देशहरु टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त दुवै विधेयकहरुमाथि राष्ट्रिय सभाबाट प्राप्त संशोधन सहित विचार गरियोस् भन्ने प्रस्तावमाथि आजै बस्ने सभाको दोस्रो बैठकमा छलफल हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सभामा उत्पत्ति भएको “औद्योगिक व्यवसाय विधेयक, २०७५” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम गठित अध्ययन तथा सुझाव संसदीय विशेष समितिको म्याद आगामी अधिवेशनसम्मको लागि थप गर्न प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापालाई “राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले “राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले “राहदानी विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री पुष्पा भुसाल (गौतम) र मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तत्पश्चात मा० परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “राहदानी विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्याललाई “भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री एकवाल मियाँ
४. मा० श्री संजय कुमार गौतम
५. मा० श्री प्रमोद साह
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री शान्ता चौधरी

त्यसपछि मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्याललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक आजै आधा घण्टापछि बस्नेगरी दिनको १२:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३ बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा मा० श्री राजकिशोर यादवको स्थानमा मा० श्री लक्ष्मणलाल कर्णको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तदुपरान्त सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको संसदीय सुनुवाई समितिमा मा० श्री योगेश कुमार भट्टराईको स्थानमा मा० श्री देवप्रसाद गुरुङ्गको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री मिनेन्द्र प्रसाद रिजाल र मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक आजै दिनको २:३० बजे बस्नेगरी दिनको १:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको तेस्रो बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको २:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ४५ बमोजिम चालू अधिवेशनमा दर्ता हुन आएका मौखिक र लिखित प्रश्न र उत्तर सम्बन्धित मा० मन्त्रीले टेबुल गर्ने कार्यक्रम अन्तर्गत सम्माननीय प्रधानमन्त्रीको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ३५ देखि ४६ सम्म, मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्रीको तर्फबाट रक्षा मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ६२ देखि ६३ सम्म, मा० उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीको तर्फबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ७२ देखि ७४ सम्म, मा० गृह मन्त्रीको तर्फबाट गृह मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ७९ देखि ९३ सम्म, मा० ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रीको तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं ६४ र मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको तर्फबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ६५ देखि ७१ सम्मका उत्तरहरु मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले क्रमशः टेबुल गर्नुभयो ।

तदुपरान्त मा० श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री गोकर्ण विष्टले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. १०३ देखि १०४ सम्मका उत्तरहरु टेबुल गर्नुभयो ।

तत्पश्चात अब मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ७५ देखि ७८ सम्म र मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको तर्फबाट सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ४७ देखि ६१ सम्मका उत्तरहरु टेबुल गर्नुभयो ।

त्यसपछि मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री चक्रपाणी खनालले कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ९४ देखि १०० सम्मका उत्तरहरु टेबुल गर्नुभयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्रीको तर्फबाट वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. १०१ देखि १०२ सम्म,, मा० सञ्चार तथा सूचना प्रविधि मन्त्रीको तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. १०५ देखि १०७ सम्म र मा० खानेपानी मन्त्रीको तर्फबाट खानेपानी मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. १०८ देखि १११ सम्मका उत्तरहरु मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले क्रमशः टेबुल गर्नुभयो ।

तत्पश्चात मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न नं. ११२ देखि ११६ सम्मका उत्तरहरु टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मौखिक तथा लिखित प्रश्नहरुको विवरण उपस्थिति तथा वितरण कक्षबाट उपलब्ध हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त चालू चौथो अधिवेशन समापनको अवसरमा निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री शेरबहादुर देउवा | ४. | मा० श्री राजेन्द्र महतो |
| २. | मा० श्री सुवास चन्द्र नेम्वाङ्ग | ५. | मा० श्री राजेन्द्र प्रसाद लिङदेन |
| ३. | मा० डा० बाबुराम भट्टराई | ६. | मा० श्री प्रेम सुवाल |

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१० को उपनियम (४) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

| सि.नं. | मा० सदस्यको नाम, थर | मिति | कारण |
|---|---|---|---|
| १. | मा० श्री छक्क बहादुर लामा | २०७६।२।३० देखि २०७६।३।१३ सम्म | जिल्ला भ्रमण |
| २. | मा० श्री सुजाता परियार | २०७६।३।१ देखि २०७६।३।२१ सम्म | विशेष |
| ३. | मा० श्री बिमलप्रसाद श्रीवास्तव | २०७६।२।२५ देखि २०७६।३।९ सम्म | वैदेशिक भ्रमण |
| ४. | मा० श्री विजयकुमार गच्छदार | २०७६।१।२३ देखि २०७६।२।११ सम्म | घरायसी |
| ५. | मा० श्री सरिता गिरी | २०७६।२।७ देखि २०७६।२।२९ सम्म | घरायसी |
| ६. | मा० श्री नागेन्द्र कुमार | २०७६।२।१९ देखि २०७६।२।३१ सम्म | अस्वस्थ |
| ७. | मा० श्री पुष्पा कुमारी कर्ण कायस्थ | २०७६।३।१९ देखि २०७६।४।२९ सम्म | विदेश भ्रमण |
| ८. | मा० श्री मोती लाल दुगड | २०७६।२।१९ देखि २०७६।२।३१ सम्म | विदेश भ्रमण |
| ९. | मा० श्री कर्मा घले | २०७६।४।२० देखि २०७६।६।२ सम्म | घरायसी |
| १०. | मा० श्री शिवकुमार मण्डल | २०७६।२।१९ देखि २०७६।२।३१ सम्म | जिल्ला भ्रमण |
| ११. | मा० श्री रेखा शर्मा | २०७६।१।२० देखि २०७६।२।७ सम्म | घरायसी |
| १२. | मा० श्री कमला रोका | २०७६।२।१६ देखि २०७६।२।३१ सम्म | जिल्ला भ्रमण |
| १३. | मा० श्री विशाल भट्टराई | २०७६।४।२२ देखि २०७६।५।१२ सम्म | विदेश भ्रमण |
| १४. | मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड) | २०७६।३।१ देखि २०७६।३।१३ सम्म | अस्वस्थ |
| १५. | मा० श्री अञ्जना विसंखे | २०७६।५।२१ देखि २०७६।६।२ सम्म | विदेश भ्रमण |
| १६. | मा० श्री भूमि प्रसाद त्रिपाठी | २०७६।५।२३ देखि २०७६।६।२ सम्म | घरायसी |

यसैबीच मा० श्री रेखा शर्माले आफुले दिएको अनुपस्थितिको सूचना २०७५ सालको सोहि महिना र गतेको भएको भन्नुभएपछि सम्माननीय सभामुखले उहाँको अनुपस्थितिको सूचना सोही बमोजिम सच्याइने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको चौथो अधिवेशन अवधिभर भए गरेका काम कारवाहीको संक्षिप्त विवरणको सम्बन्धमा जानकारी गराउनु भयो ।

(१) संघीय संसदको चौथो अधिवेशनसंगै प्रतिनिधि सभाको पहिलो बैठक २०७६ साल वैशाख १६ गते सोमबार प्रारम्भ भई २०७६ साल असोज २ गते बिहीबारसम्म जम्मा १४४ दिन चालु रह्यो । जसमध्ये ६० दिनमा ६५ पटक बैठक बसी जम्मा १९३ घण्टा ४० मिनेट ससंदीय काम कारवाहीमा व्यतित भयो । साथै यही अधिवेशनमा संघीय संसदको दुवै सदनको संयुक्त बैठक २ पटक बसी ४ घण्टा ५ मिनेट समय व्यतित भएको थियो ।

(२) २०७६ वैशाख २० गतेको बैठकमा सम्माननीय राष्ट्रपति महोदयले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनप्रति पेश भएको धन्यवादको प्रस्ताव सर्वसम्मतिबाट पारित भएको थियो । साथै सम्माननीय राष्ट्रपतिबाट सम्बोधन मार्फत् प्रस्तुत भएको आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि २०७६ वैशाख २२, २३ र २४ गतेका दिनहरुमा व्यापक रुपमा छलफल भई वैशाख २४ गते उक्त नीति तथा कार्यक्रम बहुमतबाट पारित भयो ।

(३) त्यसैगरी २०७६ वैशाख २७ गते "आ.व. २०७६/०७७ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) छलफल गरियोस्" भन्ने प्रस्ताव पेश भएको थियो । जसउपर वैशाख २९, ३० र ३१ गते सभामा छलफल समेत भएको थियो ।

(४) २०७६ जेठ १५ गतेको बैठकमा आ.व. २०७६/०७७ को लागि राजश्व र व्ययको वार्षिक अनुमान (बजेट वक्तव्य) पेश भएको थियो जस उपर जेठ १९, २०, २१ र २३ गते व्यापक छलफल भई सोही दिन मा० अर्थमन्त्रीबाट जवाफ दिने कार्य समेत सम्पन्न भएको थियो ।

(५) २०७६ जेठ २३ गतेको बैठकमा प्रस्तुत भएको विनियोजन विधेयक, २०७६ माथि २०७६ जेठ २८ देखि असार ५ सम्म सदनमा दफावार छलफल र जेठ ६ देखि १० गतेसम्म सम्बन्धित मा० मन्त्रीहरुबाट जवाफ दिई बहुमतबाट पारित भएको थियो ।

(६) यस अधिवेशन अवधिभर प्रतिनिधि सभामा जम्मा १७ वटा सरकारी विधेयक दर्ता भएकोमा ७ वटा विधेयकहरु संघीय संसदको दुवै सदनबाट पारित भइसकेको छ भने ५ वटा विधेयक सभामा प्रस्तुत हुन बाँकी रहेकोछ, ४ वटा विधेयक सम्बन्धित समितिहरुमा विचाराधीन छन् र राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा पठाइसकिएको छ । साथै सभाको दोस्रो र तेस्रो अधिवेशनमा दर्ता भएका विभिन्न १९ वटा विधेयक मध्ये ८ वटा विधेयक दुवै सदनबाट पारित भइसकेको छ भने ६ वटा विधेयक समितिमा विचाराधीन अवस्थामा नै रहेकोछ, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५ प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा पठाइसकिएको छ र ३ वटा विधेयक सभामा प्रस्तुत हुन बाँकी रहेको छ । साथै सम्माननीय राष्ट्रपतिबाट आएको सन्देश सहित प्राप्त भएको "राहदानी विधेयक, २०७५" संघीय संसदको दुवै सदनबाट संशोधन सहित पारित भएको छ ।

त्यसैगरी राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभाको दोस्रो, तेस्रो र यस अधिवेशनमा प्राप्त भएको विभिन्न ७ वटा विधेयकहरु मध्ये २ वटा विधेयक सभाबाट पारित भइसकेको छ भने ५ वटा विधेयकहरु सम्बन्धित समितिमा विचाराधीन रहेको छ । यसरी यस अधिवेशनमा संघीय संसदबाट कूल १८ वटा विधेयकहरु पारित भएका छन् ।

(७) २०७६ साउन ८ गतेको बैठकमा मा० श्री मिनेन्द्र प्रसाद रिजाल प्रस्तावक रहनु भएको "अविरल वर्षा र यसका कारण आएको बाढी, पहिरो र डुबानका कारण देशभरि एकसय भन्दा बढी नागरिकले ज्यान गुमाउनु परेको, कतिपय नागरिक बेपत्ता तथा घाइते भएको, केही राजमार्ग र विद्युत सेवा अवरुद्ध रहेको, अरबौं मूल्य बराबरको धनमालको क्षति भएकोले सरकारद्वारा संचालित उद्धार तथा राहत कार्यको प्रगति तथा प्रभावित क्षेत्रको विद्यमान अवस्थाबारे प्रतिनिधि सभामा जानकारी लिने, तीनै तहका सरकारद्वारा संचालित उद्धार, राहत र त्यसपछिको पुनर्स्थापनाको एकीकृत कार्यक्रम प्रभावकारी तथा निष्पक्ष तवरले सञ्चालन गर्न नेपाल सरकारलाई नीतिगत निर्देशन दिन आवश्यक भएको" भन्ने सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव

उपर छलफल भई सम्बन्धित मा० मन्त्रीबाट जवाफ दिने कार्य सम्पन्न भएको थियो । साथै सोही दिनको बैठकमा “देशमा आएको बाढी पहिरो तथा डुबानबाट पीडितहरुको उद्धार तथा राहतमा सहयोग पुर्‍याउन संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरु, सामाजिक संघ संस्था, राजनीतिक दल तथा अन्य सबैमा हार्दिक अपील गर्दै” विशेष प्रस्ताव पारित गरी बाढी पिडितहरुको उद्धारको लागि प्रतिनिधि सभाका मा० सदस्यहरुको एकदिनको पारिश्रमिक राहत कोषमा उपलब्ध समेत गराइएको थियो ।

(८) सभाको विभिन्न बैठकहरुमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर सम्बन्धित मा० मन्त्रीबाट दिइएको थियो । त्यस्तै विभिन्न मन्त्रालयबाट उत्तर प्राप्त भै सदनमा प्रस्तुत गर्न बाँकी रहेका मौखिक उत्तरहरु समेत टेबुल भैसकेका छन् ।

(९) यस अधिवेशनमा “अर्थ समितिद्वारा २०७६ वैशाख महिनामा सात प्रदेशमा आयोजित आ.व. २०७६/७७ को पूर्व बजेट छलफल कार्यक्रम सम्बन्धी प्रतिवेदन, २०७६”, “कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन २०७५/०७६”, “अर्थ समितिको वार्षिक प्रतिवेदन, २०७६”, “कानुन, न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०७६”, “राज्य व्यवस्था तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७६”, “राज्य व्यवस्था तथा सुशासन समितिको बाढी र डुबानबाट प्रभावित जिल्लाहरुको स्थलगत निरीक्षण तथा अनुगमन प्रतिवेदन, २०७६” “शिक्षा तथा स्वास्थ्य समितिको वार्षिक प्रतिवेदन, २०७५/७६”, “अन्तर्राष्ट्रिय सम्बन्ध समितिको वार्षिक प्रतिवेदन, २०७६”, “महिला तथा सामाजिक समितिको वार्षिक प्रतिवेदन, २०७६”, “विकास तथा प्रविधि समितिको वार्षिक प्रतिवेदन, २०७६” र “उद्योग तथा वाणिज्य र श्रम तथा रोजगार समितिको वार्षिक प्रतिवेदन, २०७६” प्रतिनिधि सभा अन्तर्गतका सम्बन्धित समितिहरुबाट सभा समक्ष पेश भएको थियो ।

(१०) सभाको विभिन्न बैठकहरुमा “महालेखा परीक्षकको छपन्नौं वार्षिक प्रतिवेदन, २०७५”, “नेपाल सरकारको आर्थिक वर्ष २०७४/०७५ को सुशासन प्रतिवेदन” र “राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको आर्थिक वर्ष २०७४/०७५ को नेपाल सरकारको वार्षिक प्रतिवेदन” र “राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७४/०७५” पेश गर्ने कार्य सम्पन्न भयो ।

(११) मिति २०७६ साउन २० गते सदनमा गतिरोधको अवस्था उत्पन्न नहोस् भन्ने सम्बन्धमा संविधान, नियम र स्थापित परम्परा अनुसार आवश्यक अध्ययन गरी सुझाव दिन अध्ययन तथा सुझाव संसदीय विशेष समिति गठन भएकोमा आजै बसेको सभाको पहिलो बैठकबाट सो समितिको कार्यावधि आगामी अधिवेशनसम्मको लागि थप गर्ने प्रस्ताव समेत पारित भैसकेको छ ।

(१२) यस अधिवेशन अवधिभर पूर्व सदस्यहरु भिक्षु अश्वघोष, दिवाकर गोल्छा, रुद्रमणि शर्मा भण्डारी, रामकृष्ण ताम्राकार, धनिराम पौडेल र छियामा राईको निधन भएकोमा शोक प्रस्तावहरु पारित भएका छन् ।

(१३) यसै अवधिमा सदनको विभिन्न बैठकहरुमा सम्माननीय प्रधानमन्त्रीले नेपाल सरकारले हालसम्म गरेका कार्यहरु र भविष्यमा अपनाउने कार्यशैलीका सम्बन्धमा, मा० उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीले डेंगु रोगको प्रभाव र सरकारबाट यसको रोकथामका लागि भएको प्रयासका सम्बन्धमा, मा० गृह मन्त्रीले देशमा भैरहेको आगजनी र विष्फोट लगायतका घटना र पिडितहरुको उद्धार एवं भैरहेको अनुसन्धानका सम्बन्धमा, सर्लाही जिल्लामा बालकको मृत्यु र सो घटनाको विरोधमा उत्रिएको भीडलाई नियन्त्रण गर्ने क्रममा सुरक्षा निकायको गोली लागी सरोज नारायण सिंहको मृत्यु भएको सम्बन्धमा र बाँके जिल्लाको खजुरामा नेपाली काँग्रेसको राष्ट्रिय जागरण कार्यक्रममा नाराजुलुस र जिल्ला सभापति लगायत घाइते हुनु भएको घटना सम्बन्धमा, मा० परराष्ट्र मन्त्रीले नेपाल र भारतबीचका संयुक्त बैठक सम्बन्धमा, मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीले साना जलविद्युत आयोजना सञ्चालनमा उपभोक्तालाई समावेश गर्ने लगायत अन्य जलविद्युत आयोजनाहरुको स्थितिका सम्बन्धमा, मा० सञ्चार तथा सूचना प्रविधि मन्त्रीले सम्माननीय प्रधानमन्त्री र मन्त्रिपरिषद्का सदस्यहरुबीच भएको भिडियो कन्फरेन्स सम्बन्धमा, मा० वन तथा वातावरण मन्त्रीले संरक्षण क्षेत्रभित्र सञ्चालन गरिने सेवा सुविधा सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजबाट चालू चौथो अधिवेशन समापनको चरणमा हामी पुगेका छौं । चालू अधिवेशनको अवधिमा हामीले सभाबाट सम्पन्न गरेका महत्वपूर्ण कार्य एवं उपलब्धीहरुलाई जनता समक्ष पुर्‍याउन म मा० सदस्यहरुलाई विशेष आग्रह गर्दै संविधान दिवसको अवसरमा र नजिकिँदै गरेको चाड दशैं, तिहार, नेपाल सम्वत्, छठ पर्व समेतको अवसरमा सम्पूर्ण मा० सदस्यहरु, नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०५/३१ को सिफारिशमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन सम्वत् २०७६ साल असोज २ गते बिहीबारका दिन राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।
>
> २०७६ असोज १ (विद्यादेवी भण्डारी)

तदनन्तर प्रतिनिधि सभाको चालु अधिवेशन २०७६ साल असोज २ गते बिहीबार राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी दिनको ४:५० बजे स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव